निर्वाचन आयोग

# जिल्ला निर्वाचन कार्यालय

भद्रपुर झापा

पत्र सं:-०८२/८३
च.नं : 28

मिति २०८२।०६।१०
ने. सं. ११४५ कौलाथ्व ५ शुक्रवार

श्री निर्वाचन आयोग नेपाल कान्तिपथ, काठमाडौं ।

बिषय - मतदाता नामावली दर्ता कार्य शुरु गरिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँ निर्वाचन आयोगको मिति २०८२/०६/०९ मा भएको निर्णय र च.नं. ०८२/८३/२४ मिति २०८२/०६/०९ गतेको प्राप्त निर्देशानुसार मिति २०८२ साल असोज १० गते देखि मिति २०८२ साल कार्तिक ३० गतेसम्मको अवधि रहने गरी यस जिल्ला निर्वाचन कार्यालय, झापाबाट सार्वजनिक विदाको दिन वाहेक अन्य दिनमा विहान ८:०० बजेदेखि वेलुकी ६:०० बजेसम्म यस अघि मतदाता नामावलीमा नाम समावेश/दर्ता गर्न छुट भएका र १६ वर्ष उमेर पूरा भै नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेका व्यक्तिहरुको मतदाता नामावलीमा नाम दर्ता गर्ने, मतदाता नामावलीमा नाम समावेश भएका मतदाताहरुको मतदाता नामावलीमा भएको त्रुटि सच्याउने र ठाउँ सारी गर्ने कार्य शुरु गरिएको व्यहोरा सादर अनुरोध छ ।

<u>बोधार्थ</u>

**श्रीमान प्रमुखज्यू, जिल्ला समन्वय समिति झापा:** झापा जिल्लाका १५ वटै स्थानीय तहहरु र १३१ वडाहरुमा व्यापक प्रचार / प्रसारका लागि पत्राचार गरिदिने व्यवस्था हुन अनुरोध छ ।

**श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू, जिल्ला प्रशासन कार्यालय झापा:** झापा जिल्लाका सबै सरकारी कार्यालयहरुमा जानकारी एवम् समन्वयका लागि निर्देशन सहित पत्राचार गरिदिने व्यवस्था हुन अनुरोध छ ।

**श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू, १५ वटै स्थानीय तहहरु, झापा:** आ-आफ्नो स्थानीय तहभित्र व्यापक रुपमा प्रचार प्रसार सहित अनलाइन फारम भरी तोकिएको समयमा सक्कल नागरिकता सहित फोटो खिच्न जिल्ला निर्वाचन कार्यालय, झापामा पठाइ दिने कार्यमा सहजीकरण गरिदिन हुन ।

जिल्ला निर्वाचन अधिकारी

तुलसी कुमार नेपाल
जिल्ला निर्वाचन अधिकारी

Email:deo.jhapa@election.gov.np Tel: 023-453162 Fax: 023-456162